# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस ११ गते २०३६ साल

श्री ५ को सरकार

### वन मन्त्रालयको

### सूचना

श्री ५ को सरकारको मिति २०३६।९।११ को निर्णयानुसार देहायबमोजिमको मेची कोसी अञ्चल बसोबास र वन अतिक्रमण समस्या समाधान विशेष अधिकार सम्पन्न उच्च-स्तरीय आयोग गठन गरेको छ।

क. आयोगको गठनविधिः

(१) भू. पू. रा. प. स. श्री गणेशबहादुर खत्री– अध्यक्ष

(२) सम्बन्धित अञ्चलका अञ्चलाधीश– सदस्य

(३) अञ्चल न्यायाधीश, कोसी अञ्चल अदालत– सदस्य

(४) पूर्वक्षेत्र प्रहरी नायब महा-निरीक्षक– सदस्य

(५) कर्णेल श्री वीरबहादुर कार्की– सदस्य

(६) मेची कोसी वन सर्कल कार्यालयको कन्जरभेटर– सदस्य-सचिव

ख. आयोगको काम कर्तव्यः (१) मेची अञ्चलको झापा र कोसी अञ्चलको विराटनगर वन डिभिजन क्षेत्रमा वन र सरकारी जग्गामा भएको अतिक्रमण बसोबास र जग्गा वितरण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथा जग्गा दर्तासम्बन्धी समस्याहरूलाई समाधान गर्न अतिक्रमणकारीलाई उठाउने, बसोबास गराउनुपर्नेलाई बसोबास गराउने, जग्गा वितरण गर्नुपर्नेलाई वितरण गर्ने र जग्गा दर्ता गर्नुपर्नेलाई दर्ता गराउने ।

(२) (क) ऐलानी पर्ती जग्गामा बसोबास व्यवस्थित गराउँदा चलानी पूर्जा एकको नाममा भएको र जग्गामा अरूले नै जोत भोग गरी विवाद खडा भएको हकमा वास्तविक जोत भोगवाला पत्ता लगाई निजकै नाममा जग्गाधनी प्रमाणपूर्जा वितरण गर्न लगाउने ।

(ख) झोरा ऐनअन्तर्गत झोराक्षेत्रको जग्गा दर्ता गर्दा एक व्यक्तिको नाम दर्ता किताबमा रहेको तर झोरा ऐनअन्तर्गत जग्गा दर्ता गरी सकेपछि सोही जग्गा ऐलानी पर्ती भनी अन्य कुनै निकायले अर्काको नाममा जग्गा दर्ता गरेको भए झोरा ऐनअन्तर्गत जसले पाएको हो उसलाई जग्गा दिलाई दोहोरा दर्ताको लगत काटी दिने र उनाउ व्यक्तिले अतिक्रमण गरी बसेको भए त्यस्ता अतिक्रमणकारीलाई पनि हटाई दिने ।

(३) आयोगको कामसंग सम्बन्धित पर्न आउने अन्य समस्याहरूको फछर्यौट गर्ने ।

ग. आयोगको कार्यावधि र इजलासः (१) आयोगको कार्यावधि ३ (तीन) महीना तोकिएको छ ।

(२) आयोगको इजलास आवश्यकतानुसार आफ्नो क्षेत्रभित्र कुनै पनि ठाउँमा कायम गर्न सकिनेछ ।

आज्ञाले–
मी. सु. प्रकाशमान सिंह
श्री ५ को सरकारको सचिव

868

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।